नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

## केन्द्रीय अनुसन्धान ब्यूरो

(प्रशासन शाखा)

फोन:- ०१-४५११७७६
९८५१२८३१४०

लाजिम्पाट, काठमाण्डौं ।

पत्र संख्या:-२०८३/०८४

प्रा.प.स:-

## प्रेस विज्ञप्ती-२४

### "हुण्डी कारोबारमा संलग्न व्यक्ति पक्राउ"

केही व्यक्तिहरुले हुण्डी कारोबार गर्दै आएका छन् भन्ने नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरोलाई प्राप्त गोप्य सुचनाको आधारमा त्यस्ता शंकास्पद व्यक्तिहरुको सम्बन्धमा अनुसन्धान तथा विश्लेषण गर्दै जाने क्रममा निम्न विवरण भएका व्यक्तिले अन्य व्यक्तिहरुसँगको मिलोमत्तोमा घरेलु तथा साना उद्योग कार्यालय इटहरी सुनसरीमा मिति २०६८/०५/१६ मा दर्ता गराएको दर्ता नं. १४८२/०६८/६९ शाही मनि ट्रान्सफर समेतको नामबाट कृषि विकास बैंक, सेन्चुरी कमर्सियल बैंक, Global IME बैंक लगायत ५२ वटा बैंक तथा वित्तीय संस्थाहरुमा बैंक खाता खोली/संचालन गरी सो खाताहरुको प्रयोग गरी करिब रु १,०३,८४,७५,८४५- (एक अर्ब तीन करोड चौरासी लाख पचहत्तर हजार आठ सय पैंतालीस रुपैयाँ) विभिन्न असम्बन्धित व्यक्तिहरुले विदेशमा आर्जन गरेको रकम अनौपचारिक माध्यम मार्फत स्वदेशमा स-साना भाग बनाई Connect IPS लगायत अन्य विद्युतीय डिजिटल माध्यमबाट असम्बन्धित व्यक्तिहरुको खातामा रकम हुण्डीको माध्यमबाट कारोबार गरेको देखिए पश्चात मिति २०८३।०६।०६ गते सम्मानित सुनसरी जिल्ला अदालतबाट हुण्डी सम्बन्धी कारोबार गर्न नहुने सम्बन्धी कसूरमा पक्राउ अनुमति लिई नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरो ,कोशी प्रदेश प्रहरी कार्यालय,विराटनगर र जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको संयुक्त प्रहरी टोलीले मिति २०८३।०६।०८ गते अं. १६:४५ बजेको समयमा जिल्ला सुनसरी धरान उ.म.न.पा. वडा न. ५ खैरेनी बाट निज व्यक्तिलाई पक्राउ गरी थप अनुसन्धान कार्य जारी रहेको ।

**निम्न:-**

१. जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१३ स्थायी वतन भएका ज्योति शाही (ना.प्र.नं.१६२२५/७०२६/०४४- सुनसरी) ।

**मिति २०८३।०६।०८ गते ।**
**ने.स. ११४६...............**

अनुपम शमशेर ज.ब.रा.
(प्रहरी बरिष्ठ उपरीक्षक)
प्रवक्ता/सुचना अधिकारी
सम्पर्क नम्बरः ९८५१२९१३११